# नेपालको लोकतान्त्रिक संक्रमणकालमा सार्वजनिक बुझाई/अर्थ (पब्लिक मिनिङ) को सृजना

## अनुसन्धान-पत्र आह्वान

बितेको दुई दशकमा नेपालमा विभिन्न युगान्तकारी परिवर्तनहरू भए। पञ्चायती व्यवस्थाको अवसानसँगै संसदीय बहुदलीय व्यवस्थाको स्थापना (सन् १९९०) भयो; मुलुक दश वर्ष माओवादी 'जनयुद्ध' (सन् १९९६-२००६) बाट गुज्रियो; शाही कू (सन् २००५) बेहोर्‍यो; र दोस्रो जनआन्दोलन (सन् २००६) सम्पन्न भयो। त्यस्तै, दोस्रो जनआन्दोलनपछि अप्रिल २००८ मा ६०१ सदस्यीय संविधानसभाको निर्वाचन सम्पन्न भयो, र सोही सभाले २००८ मा विधिवत रूपमा राजतन्त्र उन्मूलन गर्‍यो। मे २०१० मा संघीय नेपालको नयाँ संविधान घोषणा गर्ने समयसीमा तोकिएको छ।

यी राजनीतिक परिवर्तन सँगसँगै उत्तिकै क्रान्तिकारी सामाजिक-सांस्कृतिक परिवर्तनहरू भएका छन्: साक्षरता दरमा ठूलो वृद्धि भएको छ; मानव अधिकारबारे वृहत्तर सार्वजनिक चासो र छलफल चलिरहेको छ; भाषिक, जनीय (एथनिक) र क्षेत्रीय पहिचानको कुरा बलियोसँग उठेको छ। यस्ता सामाजिक, राजनीतिक परिवर्तनबारे अवधारणा बनाउने, अर्थ लगाउने, र ती बुझाईलाई सम्प्रेषण गर्ने संस्था/निकायको रूपमा नेपाली मिडिया (छापा, श्रव्य, दृश्य) र नागरिक समाजका संस्थाहरूको भूमिका निरन्तर बढ्दो छ, जुन कार्य परम्परागत रूपमा परिवार, जातीय समुदायले गर्दै आएका थिए। सन् १९९० को दशकदेखि नै सार्वजनिक वृत्तमा संक्रमणकाल बुझ्न-बुझाउन, अर्थ सृजना गर्नमा नेपाली भाषाको मिडियाले ठूलो भूमिका खेल्दै आएको छ। चलचित्र, गीत, नाटक, आम (पपुलर) साहित्य, काव्य, आदि पनि सो कार्यमा पछाडि छैनन्।

नेपाल हिंसात्मक द्वन्द्वबाट उम्कन र गणतान्त्रिक एवं बढी प्रतिनिधिमूलक समाजको रूपरेखा निर्माणमा यत्नरत छ। प्राज्ञिक अध्ययनहरूले माथि उल्लिखित विधाहरूमा हुने सांस्कृतिक, सामाजिक-राजनीतिक सृजनाहरूलाई समेट्न सकेको पाइँदैन। त्यसैले, यो अनुसन्धान परियोजनाको उदेश्य नेपाली मिडिया र अन्य प्रचलित विधाहरूले नेपाली सामाजिक-राजनीतिक परिवर्तनलाई अर्थ्याउनमा निर्वाह गरिरहेको भूमिकातर्फ प्राज्ञिकहरूको ध्यान आकर्षित गर्नु हो। त्यस्तै, यी क्षेत्रमा अनुसन्धान गर्ने नेपाली र बेलायती अनुसन्धाताबीच आपसी सहयोग, सम्बन्ध अभिवृद्धि गर्ने, तथा गैरनेपाली प्राज्ञिक-सृजना र स्थानीय नेपाली प्राज्ञिक-कर्मसँगको अन्तरक्रिया बढाउने पनि यो परियोजनाको उदेश्य रहेको छ।

यसै परिप्रेक्ष्यमा विगत दुई दशकमा भएका विभिन्न महत्वपूर्ण राजनीतिक उतार-चढाव, घटनाहरू र सामाजिक विकासका घटनावलीलाई नेपाली छापा, एफएम रेडियो, चलचित्र, नाटक, टीभी, काव्य र पपुलर गीत जस्ता माध्यमहरूले के कसरी अर्थ्याएका छन्, माने दिएका छन् या बुझ्न सघाएका छन्, त्यसलाई अभिलेखवद्ध र विश्लेषण गर्ने अनुसन्धान-पत्रहरूको आह्वान गरिन्छ। अनुसन्धान-पत्रले माथि उल्लिखितमध्ये एक वा धेरै विधा समेटेर सन् १९९० पछिका घटनावलीलाई माने प्रदान गर्ने या अर्थ लगाउने कामबारे छलफल र विश्लेषण गर्न सक्छन्।

अनुसन्धानका विषयहरू निम्न हुन सक्नेछन् : मदन भण्डारीको मृत्यु, 'ऋतिक रोशन' दंगा, माओवादी आन्दोलनको उद्भव र विस्तार, नारायणहिटी हत्याकाण्ड, राजा ज्ञानेन्द्रका सन् २००२ देखि २००६ बीचका गतिविधि, सन् २००५-०६ को शाही शासनविरुद्धको आन्दोलन, जनआन्दोलन दुई (सन् २००६), भूमिगत माओवादीहरूको सार्वजनिक अभ्युदय, हिन्दू अधिराज्यको समाप्ति (सन् २००६), मधेस आन्दोलन (सन् २००७), नेपाली राष्ट्रिय गानको चयन (सन् २००७), दु-दुई पटक सारिएको संविधानसभाको निर्वाचन, राजतन्त्रको उन्मूलन (सन् २००८), गिरिजाप्रसाद कोइरालाको देहावसान (सन् २०१०) र त्यसले शान्ति

प्रक्रियामा पार्ने प्रभाव, आदि।

अंग्रेजी वा नेपाली भाषामा लेखिएको पाँच सय शब्दसम्मको अनुसन्धान-पत्रको प्रस्ताव परियोजनाका संयोजकद्वय माइकल हट वा प्रत्यूष वन्तको ठेगानामा ३१ मे २०१० भित्र पठाउनु पर्नेछ। प्रस्ताव स्वीकृत भएकाहरूले १ जुन २०११ भित्र अनुसन्धान पत्रको अन्तिम मस्यौदा पेश गरिसक्नु पर्नेछ। सन् २०१० को गर्मी यामको अन्तताका प्रस्ताव स्वीकृत भएकाहरू र आफ्नै खर्चमा नेपाल आउन सक्नेहरूको एउटा भेला आयोजना गरिनेछ र त्यसबखत यो परियोजनाबारे थप छलफल गरिनेछ।

स्वीकृत अनुसन्धान पत्रहरू काठमाडौँमा सन् २०११ को अन्तमा र लण्डनमा सन् २०१२ को अन्तमा आयोजना गरिने कार्यशालामा प्रस्तुत गरिनेछ। सीमित प्रस्तोताहरूको कार्यशालामा सहभागी हुन लाग्ने खर्च बेहोर्न सकिन्छ। तर, अनुसन्धान खर्च उपलब्ध गराउन परियोजना असमर्थ छ।

यी कार्यशाला आयोजन गर्न ब्रिटिश एकेडेमीको अन्तर्राष्ट्रिय साझेदारी परियोजनाको तीन वर्षे अनुदानले सघाएको छ। स्कुल अफ ओरियन्टल एण्ड अफ्रिकन स्टडिज (सोआस, लण्डन) बेलायती साझेदार हो भने नेपाली साझेदार मार्टिन चौतारी (काठमाडौँ) हो।

सक्रिय सहभागिताको अपेक्षासहित

माइकल हट, सोआस (इमेल: mh8@soas.ac.uk)

प्रत्यूष वन्त, मार्टिन चौतारी (इमेल: sinhas@mos.com.np)

लण्डन/काठमाडौँ